# खाद्यान्न सङ्कट र विश्व खाद्य कार्यक्रम

सरकारले दुर्गम पहाडी जिल्लामा २०२७ सालदेखि र विश्व खाद्य कायक्रमले सन् १९६७ देखि खाद्यान्न सहयोग पुऱ्याउँदै आएको छ । विश्व खाद्य कायक्रमले कामका लागि खाद्यान्नअन्तर्गत खाद्यान्न वितरण गर्दै आएको भए पनि त्यसको सार्थक प्रतिफलको अनुभव भने त्याहाँका जनताले गर्न पाएका छैनन् । र, कायक्रमले अहिलेसम्म कति खर्च गऱ्यो र त्यसले त्यस क्षेत्रमा कस्तो उपलब्धि हासिल भयो भन्ने कसैले भन्न सक्ने अवस्था छैन । कायक्रमले सन् २०१० का लागि ६५ अरब ८६ करोड नेपाली रुपिया(८९ मिलियन युस डलर) बजेट तर्जुमा गरेको छ । विभिन्न अन्तर्राष्ट्रिय निकायले नेपालमा खाद्यान्नको कमी चरम रहेको र लाखौं जनता भोकमरीको चपेटामा पर्नसक्ने स्थिति रहेको बताएका छन् । राष्ट्रसङ्घीय संस्था विश्व खाद्य कार्यक्रमले विभिन्न माध्यममार्फत् ३४ लाखसम्म नेपाली जनता खाद्यान्न कमीले प्रभावित हुने बताउँदै आएको छ ।

०६६ कात्तिक १३ गते राष्ट्रिय योजना आयोगले दिएको निर्देशनअनुसार खाद्य सुरक्षा अनुगमन कार्यदलले तयार पारेको अवधारणापत्रमा विश्व खाद्य कार्यक्रमले मानवीय सहयोग र कामका लागि खाद्यान्न कार्यक्रमलाई सरकारको समन्वय र सहयोगमा सञ्चालन गर्नुपर्नेछ । अहिलेसम्म सरकारी निकाय र स्थानीय निकायको सहयोगबिना प्रत्यक्ष कार्यान्वयन गरेको हुँदा समन्वय र सहयोगको अभाव देखिएको सो अवधारणापत्रमा उल्लेख छ ।

**खाद्यान्न सङ्कटका कारण**

१. सरकारले कृषि क्षेत्रमा गर्दै आएको खर्च बर्सेनी कम गर्दै जानु । सन १९८० मा सरकारले बजेटको ३० प्रतिशत खर्च गरिरहेको थियो भने अहिले आएर ५ प्रतिशतमा झरेको छ

२. दुर्गम जिल्लामा यातायात र सिचाइप्रति बेवास्ता गरिनु । यातायातको मात्र व्यवस्था हुन सके खाद्य आपूर्ति सहज हुन सक्ने देखिन्छ । उदाहरणका लागि कर्णाली राजमार्ग सञ्चालनमा आएपछि जुम्लामा खाद्य संस्थानका डिपोमा लाइन बस्नेहरूको सङ्ख्यामा कमी आउन थालेको छ ।

३. खाद्यान्न कसरी उपयोग भइरहेको छ त्यसको बारेमा सरकार र विश्व खाद्य कायक्रमले अनुगमन गर्दैन । हुम्लाका ४१ हजार मानिसमध्ये झण्डै १५ हजार रोजगारी,अध्ययन र व्यवसायका लागि जिल्ला बाहिर बस्दछन् ।चालु आर्थिक वर्षमा खाद्य संस्थानले ९८३० क्वीन्टल र विश्व खाद्य कार्यक्रमले अप्रेल महिनासम्ममा ३९ हजार ५५० क्वीन्टल चामल खपत गऱ्यो । तै पनि हुम्लामा खाद्यान्न अभाव किन भइरहेको छ कसैले ध्यान दिएको छैन ।

४. स्थानीय खाद्य संस्कृतिमा आएको परिवर्तन जसबाट चामलबाहेक अन्य खाद्य पदार्थ उपभोग गर्ने परम्परा समाप्तप्राय हुन थालेको छ ।

५. स्थानीय भौगोलिक अवस्थाको अध्ययन नगरी हचुवा कायक्रम लागु गर्ने प्रयास गर्नु । जुम्लामा स्याउको बेर्ना लगाएपछि खाद्यान्न वितरण गरिने गरिन्छ । तर पानीको अभावमा ती बेर्ना सुकेर जाने गरेको तथ्यप्रति दृष्टि पुऱ्याएको भए सिचाइको व्यवस्था गर्नेतर्फ ध्यान जान सक्दथ्यो ।

६. नियमित मनसुन, सिचाई सुविधाको कमी, बाली लगाउने समयमा मलको अभाव, उन्नत जातका बिउको कमी, उब्जाउ क्षेत्रमा बस्ती बिस्तार र कृषि क्षेत्रमा अनुसन्धान र विकासका लागि लगानीको कमीका कारण उत्पादनमा ह्रास ।

**आवश्यक परिमाण**

नेपालको खाद्यान्न परिमाणको आवश्यकता, उत्पादन, कमी आदिका सम्बन्धमा उपलब्ध तथ्यांकमा एकरूपता छैन । कृषि मन्त्रालयको एक जानकारी अनुसार ०६५।६६ मा ७७ लाख ६२ हजार टन खाद्यान्न उत्पादन भयो । अपुग खाद्यान्नको मात्रा ३ लाख १६ हजार टन रहेको छ ।

प्रतिव्यक्ति खाद्यान्न उपभोग दरः १९१ किलो (१६ लाख भन्दा बढीलाई खाद्यान्न अपुग)

**महङ्गो ढुवानी सेवा**

सरकारले भारतबाट २५ हजार मेट्रिक टन चामल खरीद गर्दैछ । भारतले २५ हजार चामल र ५० हजार मेट्रिक टन गहुँ बजार मूल्यमा नेपाललाई दिने घोषणा गरेको छ ।

यस वर्षको ढुवानी खर्च रु ३५ करोड ४० लाख सरकारले उपलब्ध गराएको रकम कम भएको जनाउँदै खाद्य संस्थानले थप रु ८८ करोड माग गरेको छ । गत वर्ष संस्थानले रु ६१ करोड ५७ लाख रुपिया ढुवानीका लागि खर्च गरेको थियो ।

नेपालगञ्जबाट हुम्लाको सीमिकोट सम्म प्रतिकिलो ढुवानी हवाइजहाज कम्पनीले १८० रुपियासमेत लिने गर्दछन् । सरकारले भने ९६ रुपिया देखि १०७ रुपिया हवाइ दर तोकेको छ । तोकिएको दरभन्दा बढी मूल्य लिने हवाइ यातायातलाई सरकारले कुनै कारबाही गर्दैन ।

**विश्व खाद्य कार्यक्रमको ढुवानी खर्च**

विश्व खाद्य कार्यक्रमले ढुवानी खर्चको जानकारी सार्वजनिक गर्ने गरेको छैन । विश्व खाद्य कार्यक्रमको नेपाल कार्यक्रम विश्वकै ठूला हवाइ ढुवानी प्रणालीमध्येको एक हो । कार्यक्रमसँग ६ वटा एम आई १७ हेलिकप्टर र ४ वटा साना विमान छन् जसले दिनको ३० पटकसम्म खानेकुरा ढुवानी गरिरहन्छन् । यसले यस वर्ष १ लाख १० हजार टन खाद्यान्न वितरण गर्ने लक्ष्य लिएको छ । ढीलो गरी आएको मनसुनले ४० प्रतिशत परिवारलाई असर गर्ने कार्यक्रमको अनुमान छ । यसले बाजुरा जिल्लालाई खाद्यान्न अभावबाट सबैभन्दा प्रभावित जिल्लाको सूचीमा राखेको छ भने यसपछि हुम्ला, मुगु, कालीकोट, जुम्ला, दैलेख, अछाम, डोटी, बझाङ, दार्चुला, बैतडी जिल्ला पर्दछन् ।

विश्व खाद्य कार्यक्रमले वितरण गर्दै आएको खाद्यान्नका विषयमा अनियमितता सम्बन्धी धेरै नै प्रश्न उठदै आएका छन् । गुणस्तरहीन खाद्यान्न वितरण गरेको सन्दर्भमा गत वर्ष मानवअधिकार आयोग र इन्सेकलगायतका गैरसरकारी संस्थाले यस विषयमा सरकार र सरोकारवालाको ध्यानाकर्षण गराएको थियो । सो वर्ष मध्य र सुदूर पश्चिम क्षेत्रमा ४०० भन्दा बढीको झाडापखालाका कारणले ज्यान गएको थियो ।[1]
 ती क्षेत्रमा विश्व खाद्य कार्यक्रममा वितरित खाद्यान्नको नमुना सङ्कलन गरी नेपाल सरकारको खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागको प्रयोगशालामा परीक्षण गराउँदा ती खाद्य पदार्थ जीवजन्तुका लागि पनि खान अयोग्य भएको प्रतिवेदन आएको थियो । सो क्षेत्रमा झाडापखाला लाग्नुका कारण दूषित पानी,

---

[1] http://www.inseconline.org/pics/1257598337.pdf

सरसफाइको कमीका साथै गुणस्तरहीन खाना पनि रहेको तथ्य यसैबाट साबित भएको थियो । मानवअधिकार आयोगले पनि स्थलगत अनुगमनका क्रममा सङ्कलित खाद्य पदार्थको नमूना सोही प्रयोगशालमा जचाउँदा मानव उपभोगका लागि अनुपयुक्त भएको बताएको थियो ।[2]

यस वर्ष पनि जाजरकोट जिल्लाका केही गाविसको विद्यालयमा विश्व खाद्य कार्यक्रमबाट वितरीत पौष्टिक आहार पीठो ढुसी तथा डल्ला परेको र बालुवाका कण मिसिएको पाइएकाले त्यस्तो पीठो प्रयोग गर्न बन्द गरेको जानकारी आएको छ । विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) अन्तर्गत जाजरकोट जिल्लाको विभिन्न विद्यालयहरूमा वितरीत पौष्टिक आहार गुणस्तरहीन भएको सार्वजनिक भएपछि विश्व खाद्य कार्यक्रमले वितरीत पौष्टिक आहारको विषयमा स्थलगत छानबिन गरेको थियो ।

विश्व खाद्य कार्यक्रमले पौष्टिक आहार भनी ०६७ जेठ महिनाको अन्तिम साता जिल्लाका विभिन्न स्रोत केन्द्रंबाट वितरण गरिएको पौष्टिक आहार पिठो ढुसी तथा डल्ला परेको, केही मात्रामा बालुवा मिसिएको अवस्थामा भेटिएको बताइएको थियो ।

उक्त गुणस्तहिन पौष्टिक आहार खगेनकोट गाविस–४ मा रहेको सरस्वती प्रावि, ढिमे गाविस–१ मा रहेको रामचन्द्र प्रावि, रग्दा गाविस–१ हितान गाँउमा रहेको मष्ट प्रावि, सोही ठाँउमा रहेको गणेश प्रावि चौखा र सोही गाविस–७ र ८ मा रहेको युवावर्ष प्रावि वानियागाँउ, जनता प्रावि दम्कामा भेटिएको थियो ।

विश्व खाद्य कार्यक्रम क्षेत्रीय कार्यालय नेपालगञ्जका निरञ्जन निरौलाको नेतृत्वमा आएको आठ सदस्यीय टोलीले ०६७ असार १५ गते देखि छानबिन सुरू गरेको थियो ।

**खाद्य अधिकारसम्बन्धी प्रावधानहरू**
नेपाल पक्ष भएका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा ११ मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ ले स्वास्थ्यको अधिकारलाई आधारभूत अधिकारको प्रत्याभूत गरेको छ । अन्तरिम संविधानकै धारा १८ मा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुताको हक हुने व्यवस्था छ ।

खाद्य ऐन, २०२३ को दफा २ (क) ले गरेको परिभाषा अनुसार खाद्य पदार्थ भन्नाले साधारणतः मानिसले खाने पिउने, अप्रशोधित, अर्धप्रशोधित, प्रशोधित वा उत्पादित खाद्य वा पेय पदार्थ सम्झनुपर्छ र सो शब्दले खाने पिउने पदार्थमा प्रयोग गरिने मरमसला, खाद्य योगशील (फुड एडीटिभ) रङ्ग वा सुगन्धलाई समेत जनाउँछ । त्यसैगरी, सोही ऐनको दफा २ (ख)ले गरेको परिभाषा अनुसार दूषित खाद्य पदार्थ भन्नाले देहायको कुनै अवस्थाको खाद्य पदार्थ सम्झनुपर्छ यस अनुसार

१) स्वास्थ्यलाई हानी हुने गरी सडेको, गलेको वा फोहरमैला वा विषाक्त अवस्थामा राखिएको वा तयार गरिएको खाद्य पदार्थ
२) मानिसको उपभोगको लागि अनुपयुक्त हुने गरी केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशुपंछी वा हानिकारक वनस्पतिबाट बनेको खाद्य पदार्थ

---
[2] http://www.nhrcnepal.org///publication/doc/reports/Jajarkot_Epidemic-Investigation-Eng.pdf

३)	कुनै खाद्य योगशील (फुड एडिटीभ), रङ्ग परिरक्षी (Preservative) अन्तर्विकसित वा बहिमिश्रित रसायन वा कीटनाशक औषधीको लागि तोकिएको अधिकतम सीमाभन्दा बढी हुन गई स्वास्थ्यलाई हानी हुन सक्ने खाद्य पदार्थ

खाद्य नियमावली, २०२७ को नियम ९ (क) ले खाद्य पदार्थ नष्ट गर्न सक्ने व्यवस्था गर्दै कुनै खाद्य पदार्थ उत्पादन वा बिक्री भइरहेको वा बिक्रीका लागि रहेको अवस्थामा आँखाले स्पष्ट देखिने गरी सडेगलेको, कुहिएको वा कीरा परेको वा अन्य कुनै कारणबाट खान नहुने स्थिति भई परीक्षणको लागि पठाइएकोमा त्यस्तो खाद्य पदार्थ प्रतिवेदन प्राप्त नभएसम्म राखिछोड्दा झन् बिग्रिन सक्ने अवस्था भएमा स्थानीय प्रसाशन वा नगरपालिका वा गाविसको प्रतिनिधि समेत राखी खाद्य निरीक्षकले उक्त पदार्थ तत्कालै गाडेर, जलाएर वा अन्य कुनै उपायद्वारा नष्ट गर्न सकिने उल्लेख छ ।

सहयोगको प्रभावकारितासम्बन्धी पेरिस घोषणापत्रको धारा १७ मा सहयोगलाई सहमति अनुरूप नै प्रयोग गरिने प्रत्याभूति भएको अवस्थामा सो राष्ट्रको स्थानीय संस्था र प्रणालीलाई उपयोग गर्नाले साझेदार राष्ट्रको दिगो विकास र यसका नीति लागू गर्ने क्षमता बढाई सहयोगको प्रभावकारिता अभिवृद्धि गर्ने उल्लेख छ ।

## सुझाव

- कृषिमा सरकारी लगानी बढाउने
- सडक, सिचाई लगायतका भौतिक निर्माण बढाउने
- स्थानीय बालीलाई ग्राह्यता दिने
- कोल्ड स्टोरको संख्या र सुविधा बढाउने
- अन्नका साथै अन्य खाद्य पदार्थको उपयोगलाई प्रोत्साहन गर्ने
- उब्जाउ जमीन बाँझो राख्न नहुने नीति निर्माण गरी लागू गर्ने
- आवश्यकता अनुसार खाद्यान्नको निर्यात रोक्ने


**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कलङ्की, काठमाडौं, पो. ब. नं. २७२६, फोन: ४२७८७७०**

**Website: www.insec.org.np**